नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

प्रा.डा. गोविन्द के.सी.ले चिकित्सा शिक्षासम्बन्धमा हालसालै राख्नुभएका मागका सम्बन्धमा जारी विज्ञप्ति

प्रा.डा.गोविन्द के.सी.ले चिकित्सा शिक्षा क्षेत्रमा सुधारका विषयमा विभिन्न माग राखी हाल अनसनमा रहनुभएको विषयमा मन्त्रालयको ध्यानाकर्षण भएको छ। प्रा.डा.गोविन्द के.सी.ले राख्नुभएका मागका विषयमा मन्त्रालय संवेदनशील छ। उहाँले राख्नुभएका मागका विषयमा हालसम्मको कार्यान्वयन अवस्था यस प्रकार रहेको बेहोरा अनुरोध छ।

बुँदा नं. १ को मागसम्बन्धमा चिकित्सा शिक्षा आयोगको अनुगमन प्रतिवेदनसमेतका आधारमा आवश्यक पूर्वाधार, प्राज्ञिक जनशक्ति र कानुनी मापदण्ड पूरा गरेरै शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, कैलाली, गेटामा एम.बी.बी.एस. तथा नर्सिङलगायत कार्यक्रम सञ्चालन गर्न लागिएको हो।चिकित्सा शिक्षा आयोगबाट अनुगमन प्रतिवेदनका आधारमा स्वीकृत मापदण्डको अधीनमा रही मूलतः सरकारी कलेजमा सिट वृद्धि गरिएको छ।

बुँदा नं. २ को माग सम्बन्धमाः सम्बन्धित पदाधिकारीहरूको आवश्यक छानविन मन्त्रालयले गर्नेछ।

बुँदा नं. ३ को माग सम्बन्धमाः शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सञ्चालनका लागि ३०० शैयाको शिक्षण अस्पताल पूर्ण क्षमतामा सञ्चालन गरिएको छ,यसमा क्रमशः थप गर्दै लगिने छ।यस विश्वविद्यालयसम्बन्धी ऐनमा पदाधिकारीको नियुक्तिलाई विवादरहित तथा दलीय प्रभावमुक्त बनाउन नियुक्तिका आधारलगायत प्रावधानसमेत थप गरी केही नेपाल ऐन संशोधनको प्रक्रिया सुरु गरिएको छ।

बुँदा नं ४ को माग सम्बन्धमाः छात्रवृत्ति कोटा र चिकित्सा शिक्षाको गुणस्तरसम्बन्धमा ऐन तथा कानुनी मापदण्डबमोजिम नै सार्वजनिक तथा निजी संस्थामा छात्रवृत्तिको व्यवस्था कार्यान्वयनमा रहेको छ।चिकित्सा शिक्षा आयोगबाट तोकिएको मापदण्डका आधारमा कोटा निर्धारण गरिएको र गुणस्तर कायम गर्न मापदण्डहरू बनाई कार्यान्वयन गरिएको छ।

बुँदा नं. ५ को माग सम्बन्धमाः विगतमा गरिएको सहमतिको कार्यान्वयन विषयको मागबारे २०८३ साउन ११ को सहमति तथा हालसम्मका भएका सहमति कार्यान्वयन स्थिति विश्लेषणका लागि मन्त्रालयले मिति २०८३/०४/२७ को (माननीय मन्त्रीस्तर) निर्णयबमोजिम अवस्था अध्ययन कार्यदल गठन भई प्रतिवेदनको मस्यौदा तयारी चरणमा रहेको छ। साथै,२०८२ भदौ २४ गते देशभर भएका आगजनी, लुटपाट, तोडफोडलगायत विध्वंसात्मक घटनाको छानविन तथा दोषीमाथि कारवाहीसम्बन्धी विषयमा सम्बन्धित निकायबाट कारवाही भईरहेको अवगत नै छ।

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्या:-

चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

यसै गरी बुँदा नं ६ को माग सम्बन्धमा सुर्खेत, बुटवल र बर्दिवासमा मेडिकल शिक्षा संस्था स्थापनाको कार्य भइरहेको र सोका लागि थप बजेट व्यवस्थापन हुने प्रक्रियामा रहेको छ। साथै सबै प्रदेशमा चिकित्सा शिक्षाको पहुँच विस्तारमा मन्त्रालय प्रतिबद्ध रहेको छ।

अतःप्रा.डा.गोविन्द के.सी.ले उठाउनुभएका विषय, विचार र दृष्टिकोणका आधारमा चिकित्सा शिक्षाको सुधार, सेवा प्रभावकारिता र सुशासन अभिवृद्धि गर्न मन्त्रालय प्रतिबद्ध छ। उहाँले सुधारका लागि उठाउनुभएका धेरै विषय कार्यान्वयनमा आइसकेका छन्। यिनैको प्रतिफलस्वरूप आज चिकित्सा शिक्षा नेपालको आकर्षण बन्न पुगेको छ। सहकार्य र संवाद गरी चिकित्सा शिक्षा क्षेत्रमा सुधारका कार्ययोजना निर्माण र कार्यान्वयन गरिने प्रतिबद्धताका साथ जारी सत्याग्रह अन्त गर्नुहुन प्रा.डा. गोविन्द के.सी. लाई विनम्र अनुरोध छ।

धीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०७/१६
नेपाल संवत् ११४६